नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ११८ २०८१ साल मंसिर २१ गते शुक्रबार (6 Dec. 2024 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वित्तीय साक्षरता र ... ३ पृष्ठमा : 'जनशक्ति पलायन रोक्न शिक्षामा ... ३ पृष्ठमा : सन् २०२५ का लागि नौ ...

# विरामीसँग मैत्रिपुर्ण व्यवहार तथा विरामीलाई आवश्यक परेका चिकित्सक मिलाउन निर्देशन



**दैनिक समाचारदाता**
**राजविराज, २० मंसिर ।**

मधेश प्रदेशका पूर्व शिक्षमन्त्री महेश प्रसाद यादवले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको निरिक्षण गरी आवश्यक जानकारी समेत लिएका छन् ।

अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. श्रीराम तिवारी समेतलाई साथ लिई अस्पतालको वार्ड/वार्डमा पुगेर प्रदेश सभासदस्य यादवले उपचार व्यवस्था, सरसफाई, विरामीको समस्या तथा सुधार्नु पर्ने पक्षका बारेमा जानकारी लिदै अस्पताल प्रशासनलाई आवश्यक निर्देशन समेत दिएका छन् ।

निरक्षणका क्रममा संचारकर्मीहरुलाई छोटो प्रतिक्रिया दिदै उनले अस्पतालका विरामीहरुलाई दिनु पर्ने औषधी र उपचार, विरामीसँग मैत्रिपुर्ण व्यवहार तथा विरामीलाई आवश्यक परेका बखत चिकित्सकको उपलब्धता मिलाउन लगायतका विषयमा मेसु तिवारीलाई निर्देशन दिएका थिए ।

उनले अस्पताल आउने निम्नआय भएका सबै विरामीलाई समेत गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने व्यवस्था मिलाउन आफुले समेत पहल गर्ने प्रतिबद्धता जनाए ।

जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका उनले विरामीको सेवामा समर्पित चिकित्सकहरुको भुमिका मानवीय भावनाले ओतप्रोत रहनु पर्ने भन्दै त्यसलाई गजेन्द्र नारायण सिह अस्पतालका चिकित्सकहरुले पनि प्रमाणित गरेर देखाउन आग्रह गरे ।

सो क्रममा मेसु तिवारीले अस्पतालमा आएका विरामीहरुलाई उपलब्ध जनशक्ती तथा उपकरणको आधारमा सके सम्म गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरिरहेको जानकारी दिदै थप जनशक्ती र उपकरण उपलब्ध भएमा अझै

*बाँकी अन्तिम पृष्ठमा*

# 'बाल विवाह मधेसमा ठूलो समस्याको रूपमा रहेको छ'

**दैनिक समाचारदाता**
**धनुषा, २० मंसिर ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले बालविवाह मधेसमा ठूलो समस्याका रूपमा रहेको भन्दै २० वर्षमुनिका हुने विवाहलाई निरुत्साहन गर्न सबैले भूमिका खेल्नुपर्ने बताएका छन् ।

सङ्घीय सरकारको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संयुक्त रूपमा बुधबार जनकपुरधाममा आयोजना गरेको प्रदेशस्तरीय दुइदिने कानुनी सहायता सम्मेलनमा मुख्यमन्त्री सिंहले यस्तो बताएका हुन् ।

उनले बालविवाह गैरकानुनी रहेको र त्यसरी जन्मेका बच्चाले पनि दुःख पाउने भएकाले सचेत रहन आग्रह गरे । कि विवाहका लागि १८ वर्ष उमेर तोकेर समस्या समाधान गरिनुपर्ने उनको धारणा थियो ।

उनले न्यायिक समितिमा विभिन्न खालका मुद्दा थन्किने गरेको भन्दै न्यायिक सेवामा काम गर्नेलाई तालिम दिएर मुद्दा छिटो टुङ्ग्याउने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा सङ्घीय कानुनमन्त्री अजयकुमार चौरसियाले आर्थिक रूपले पिछडिएका विपन्न गरिब जनताको न्यायमा पहुँचका लागि राज्यले देशका ७७ वटै जिल्लामा वैतनिक वकिलको व्यवस्था गरिएको बताए ।

यस सेवाको प्रचारप्रसार र जानकारीको अभावमा अझै पनि नागरिकले सेवा लिन नसकेको उनले बताए । आमनागरिकको न्यायमा पहुँचका लागि आगामी दिनमा एकीकृत रूपमा कानुनी सहायता प्रदान गर्ने वातावरण तयार गर्नुपर्नेमा मन्त्री चौरसियाको जोड थियो ।

कार्यक्रममा नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे, उच्च अदालत जनकपुरधामका न्यायाधीश महेन्द्रनाथ उपाध्याय, मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता सुरेन्द्रकुमार महतो, प्रदेशका निमित्त प्रमुख सचिव जयकुमार घिमिरे, सहसचिव अरुणा जोशी, लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

# सवारी दुर्घटनामा मृत्यु भएपछी राजमार्ग अवरुद्ध

**दैनिक समाचारदाता**
**सिरहा, २० मंसिर ।**

सिरहा चोहर्वा खण्डको भलुवाही चौकमा बुधबार साँझ भएको सवारी दुर्घटनामा एक युवकको ज्यान गएपछि स्थानीयले बिहीबार बिहानैदेखि राजमार्ग अवरुद्ध गरेका छन् । सिरहा नगरपालिका-११, भलुवाहीका १८ वर्षीय नीरज कामतको स१ह ७२४ नम्बरको अटोको ठक्करबाट घटनास्थलमै मृत्यु भएको थियो ।

दुर्घटनापछि आक्रोशित स्थानीयले बिहीबार बिहान देखि सिराहा चोहर्वा सडक खण्ड पूर्ण रूपमा अवरुद्ध गरेका छन् । क्षतिपूर्तिको माग राख्दै र घटनामा संलग्न चालक तथा सवारी धनीमाथि कारबाहीको माग गर्दै स्थानीयले प्रदर्शन सुरु

*बाँकी तीन पृष्ठमा*

# मन्त्री लेखीद्वारा कैदीबन्दीहरुका लागि सीपमुलक तालिम र फर्निचरसहित पुस्तकालयको व्यवस्था गर्ने प्रतिबद्धता



**दैनिक समाचारदाता**
**राजविराज, २० मंसिर ।**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखिले बिहीबार राजविराज कारागारको अनुगमन तथा निरिक्षण गरेका छन् ।

उनले कारागार सुरक्षामा खटिएका प्रहरी कर्मचारीहरु बस्ने भवन तथा मेसको अनुगमन तथा निरीक्षण गर्नुका साथै कारागारमा रहेका कैदीबन्दीहरुसँग प्रत्यक्ष भेटघाट पनि गरेका छन् ।

सो क्रममा मन्त्री लेखीले कारागारको अवस्था अत्यन्त दयनीय रहेको भन्दै त्यसलाई सुधारका लागि सम्बन्धीत निकायलाई सुझाव दिएका छन् । कारागारको जग्गा अतिक्रमण भएको बारे कारागार प्रशासनले मन्त्री लेखीलाई जानकारी गराएपछि सो सम्बन्धमा आफू गम्भिर भएको र संघीय

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

### मिसावटप्रति सचेत रहौं

चामल, दाल, मासु, दूध मात्र होइन दैनिक उपभोग्य हरेक सामानमा मिसाबटहरु भइरहेको छ । खाद्यान्न बाहेक पेट्रोल, डिजेल, मदिरा, मिठाई सहितका सामानमा पनि मिसाबट गर्ने गरिएको छ । खासगरी स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा खुल्लेआम मिसाबट हुँदै आएको छ । २० किलोको प्याक भएको चामल खरिद गर्दा आधा किलोसम्म अखाद्य वस्तु अर्थात इँटाका साना टुक्राहरु फेला परिरहेका छन् भने खसीको मासुमा बाख्राको मासु, तोरीको तेलमा अन्यको तेल, दूधमा पर्याप्त पानी र कमी भए पाउडर, खुर्सानीको धुलो र बेसारको धुलोमा इँटाको धूलो मिसाउने काम भइरहेको छ ।

अहिलेको समयमा विभिन्न प्रकारका खाद्यान्नदेखी सबै सामाग्रिमा मिसवाट हुँदै आएको छ । हरियो तरकारी र मिठाईलाई आकर्षक बनाउन अत्यधिक रंगको प्रयोग हुँदै आएको छ । व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पार्ने रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा व्यापारीहरुले गर्दै आएका छन् । यदी लगातार खाद्यवस्तुमा मिसाबट भइरहने हो भने व्यक्तिको स्वास्थ्यमा गम्भिर असर पर्नेछ ।

तसर्थ उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्नेलाई कानुनी कठघरामा उभ्याउनु आवश्यक छ भने सम्बन्धीत निकायले पनि उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गरि अनुगमनलाई नै प्राथमिकतामा राख्नु आवश्यक छ । यसर्थ खाद्यान्न खरीद गर्दा उपभोक्ताले सुरुमै चेकजाच गरेर मात्र खरीद गर्नुपर्छ । हुनत अहिलेको समयमा अधिकांश खाद्यान्नमा मिसावट भएको पाइन्छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# वित्तीय साक्षरता र गरिबीको सम्बन्ध

**अचुतकुमार ओझा**

काठमाडौं, २० मङ्सिर (रासस) ।

वित्तीय साक्षता कार्यक्रमहरुमा आजकल केही चल्तिका प्रश्नहरुमा छलफल हुने गरेको पाइन्छ । के कुनै पनि व्यक्तिसँग वित्तीय शिक्षा प्रर्याप्त छ भने ऊ धनी हुन्छ ? वित्तीय रुपमा साक्षर हुनु सम्पत्तिको मालिकका लागि हकदार हुनु हो ? वित्तीय साक्षरता भएर पनि मान्छे किन गरिब हुन्छ ? वित्तीय साक्षरताले भरिएकाहरु किन सीमित साधन स्रोतले आफ्नो जीविका धान्न बाध्य छन् ? स्वयम् साक्षरता सिकाउने व्यक्ति स्वतन्त्र छैन भने सिक्ने व्यक्ति स्वतन्त्र हुन सम्भव छ ? त्यसो हो भने केका लागि वित्तीय साक्षरता सिक्न आवश्यक छ ? यस्ता प्रश्नहरुलाई एक ठाउँमा राखेर हेर्दा आर्थिक स्वतन्त्रताको पहिलो पाइला वित्तीय साक्षरता हो तर यो पूर्ण र अन्तिम होइन भन्न सकिन्छ । यसैले भनिन्छ धनको नियम नै सपना, साक्षरता, सङ्कल्प र सङ्घर्ष हो ।

मानिसले वित्तीय साक्षरताको माध्यमबाट सम्पन्नतासम्म पुग्ने बाटो पहिचान गर्न सक्छ तर बाटोको यात्रा यतिले मात्रै पूरा हुन सक्दैन । यसको लागि मार्गमा हिड्नु पर्छ, हिड्ने तयारी गरेर मात्रै गन्तव्यमा पुग्न सकिंदैन । केवल ज्ञानले मात्रै पुग्दैन, सँगसँगै अभ्यासमा जान नसक्ने हो भने मानिस वित्तीय ज्ञानी हुन सक्छ तर स्वतन्त्र हुन सक्दैन । हरेक ज्ञानलाई जबसम्म कार्यमा बदल्ने हिक्मत रहँदैन त्यो ज्ञानको कुनै अर्थ रहँदैन, त्यसले कुनै लक्ष्य भेट्न सक्दैन, त्यसले जीवनमा कुनै उपलब्धि ल्याउन सक्दैन । हामीले बुझ्नु पर्ने कुरा के हो भने कयौं शिक्षकले ज्ञान दिन्छन् त्यसलाई उ आफै कार्यमा रुपान्तरण गर्न लागि पर्दैन तर एउटा विद्यार्थी त्यही शिक्षकबाट प्राप्त ज्ञानलाई बजारको समस्या समधान गर्नको लागि कार्यमा रुपान्तरण गर्ने आँट गर्छ तब उ सफल भएर निस्कन सक्छ । तपाई आर्थिक सम्बृद्धि नभएका ज्ञान भएका व्यक्तिबाट नै शिक्षा लिएर त्यसलाई आयमा बदल्न थाल्नु भयो भने हो शिक्षा दिने व्यक्तिले स्वतन्त्रता नपाए पनि तपाईको आर्थिक स्वतन्त्रता कसैले रोक्न सक्दैन । वित्तीय ज्ञान हुने बित्तिकै आर्थिक स्वतन्त्रता सम्भव छैन तर स्वतन्त्रताको लागि बन्द रहेका ढोका ढकढकाउने एउटै उपाय हो वित्तीय साक्षरता । तसर्थ वित्तीय साक्षरता भएर पनि मान्छे गरिब हुने गर्छ । मानिसभित्र रहने निम्न केही पक्षहरुले नै मानिस धनी वा गरिब हुने गर्दछ ।

**अभ्यास** : आर्थिक स्वतन्त्रताको दृष्टिकोणले हेर्ने हो भने जबसम्म ज्ञानको चक्र तोडेर कर्ममा रुपान्तरण गरिदैन तबसम्म त्यो ज्ञान लाखौंपटक सिके पनि मानिस त्यही स्थानमा हुने छ, जुन स्थानमा उ ज्ञान लिनुभन्दा अगाडि थियो । त्यसैले तपाईंको सफलता कति पटक पढ्नु भयो, ज्ञान लिनु भयो वा सिक्नु भयोमा मात्रै निर्भर नभई त्यो ज्ञानलाई आफ्नो व्यवहारमा कति खरो ढङ्गले उतार्नुभयो कि भएन त्यसमा भर गर्छ । जब वित्तीय ज्ञान व्यक्तिले पाउँछ उ ज्ञानी त होला तर उसले त्यसलाई अभ्यासमा ल्याएन वा ल्याउन सकेन भने उ धनी हुन सक्दैन । यसैले मानिस वित्तीय ज्ञान भएर पनि गरिब हुने गर्छ । उदाहरणको रुपमा, एउटा व्यक्तिले पौडी खेल्ने सम्पूर्ण सैद्धान्तिक ज्ञान पटकपटक लिन्छ तर उ कहिले पौडी खेल्न अभ्यास गर्दैन भने के उसलाई कुनै खोलामा लगेर छोडिदिने हो भने पारि किनारामा पुग्न सम्भव छैन । हो वित्तीय साक्षरताले पनि मानिसलाई धनी हुनको लागि सिद्धान्त सिकाउँछ । यदि त्यसलाई अभ्यासमा ल्याउन नसक्ने हो भने मान्छे धनी हुन सक्दैन, त्यही पौडीबाज जस्तै हुनेछ । जबसम्म वित्तीय ज्ञानलाई अभ्यासमा रुपान्तरण गरिदैन तबसम्म मान्छे गरिब नै रहन्छ ।

**डर** : रोबर्टी कियोसाकीले 'धनी बुबा गरिब बुबा' पुस्तकमा भने जस्तै हरेक व्यक्तिको मनभित्र डररुपी चल्ला हुने गर्छ । आर्थिक निर्णय गर्दैगर्दा मान्छेले परिवार, आफ्नो भविष्य, समाजको दबाब, प्रतिस्पर्धा, आफन्तको सुझाव, आफ्ना मूल्य, मान्यता र जिम्मेवारीका कारण जोखिम भएभन्दा बढी असुरक्षित महसुस गर्छ । यही डरका कारण मानिससँग वित्तीय ज्ञान भएर पनि प्रतिफलको लागि जोखिम बहन गर्न डराउँछ र उसले त्यो कारोबार नै गर्दैन, जसले उसलाई भविष्यमा आर्थिक स्वतन्त्रता दिन सक्ने थियो । उसले हरेक क्रियाकलापमा नकारात्मकता पाउँछ, घाटा देख्छ, प्रतिस्पर्धी आफूभन्दा बलियो रहेको ठान्छ, आफू प्रतिस्पर्धा गर्न असक्षम भएको महशुस गर्छ, बजारमा टिक्नै नसक्ने कमजोर ठान्छ । यसले गर्दा कतै आफ्नो मूल धन नै गुम्ने त होइन, फलानो बिग्रेको, ढिस्कानो ओरालो लागेको जस्ता उदाहरण लिदै आफ्नो हुँदाखाँदाको सहज जीवन कतै नबिग्रियोस् बरु यति नै ठीक छ भन्ने डरका कारण जब वित्तीय ज्ञान भएर पनि मानिस आफ्ना सीमित कर्ममा खुम्चन चाहन्छ । त्यस्तो डरका कारण वित्तीय ज्ञान भएर पनि मान्छे गरिब हुन सक्छ ।

**लोभ** : हरेक व्यक्तिमा आशा र लोभ हुने गर्छ । भलै कसैमा बढी होला, कसैमा कम हुने गर्छ तर प्रत्येक व्यक्तिभित्र लोभ छ भन्दा अन्यथा नरहला । जब मानिसहरुमा अत्यधिक लोभको मात्रा देखिन थाल्छ, तब उसले आफूले गरेका कारोबारहरुमा अझै मुनाफा हुने उच्च विश्वास राख्छ । यस्तो विश्वास तबसम्म भइरहन्छ, उसँग अझै धेरै कमाउने लोभ भइरहन्छ । यसले गर्दा उ आफूले खरिद गरेका वस्तुहरु बिक्री गर्न चाहँदैन । जब वस्तुको मूल्यले एउटा स्तर छुन्छ र फेरि ओरालो लाग्छ, त्यस समयमा यस्ता व्यक्तिहरु त्यसरी झरेको मूल्यबाट फर्किएर पहिला पुगेको उच्च विन्दुमा पुग्यो भने बिक्री गर्ने सोचमा पुग्छन् । त्यसपछि यथार्थमा बजारमा कारोबारको मूल्य बढ्न खोजेको जस्तो देखिन्छ तर पहिलाको उच्चविन्दुलाई भेट्न सक्दैन र त्यसैबाट तलतिर झर्न थाल्छ, तब वित्तीय साक्षरता भएर पनि आफूभित्रको लोभलाई नियन्त्रण गर्न नसक्दा यस्ता लगानीकर्ताहरु फेरि घाटामा बिक्री गर्न बाध्य हुन्छन् । यिनीहरुमा जब बजारमा मूल्य घट्न थाल्छ र पिंधमा आइपुग्छ अब कहिले बजार सुधार हुन सक्दैन भन्ने अत्यास देखापर्छ । तब आफ्नो सम्पत्ति कम मूल्यमा बेचबिखन गर्न तयार हुन्छन् । अब कहिले बजारमा नजाने भित्रभित्रै बाचा गर्छन् र घाटालाई स्वीकार्दै आफैंलाई धिकार्ने गरेको देखिन्छ । यसैले वित्तीय साक्षरता भएर पनि यस्ता मानिसहरु बढी लोभी हुँदा गरिब नै हुने गर्छन् ।

**अनुशासन** : कुनै व्यक्तिलाई हरेक दिन आफ्नो खातामा रु ५० राखेर वर्षमा रु १८ हजार दुई सय ५० प्रिमियमको इन्सोरेन्स गर्नु भन्यो भने कति जना तयार होलान् ? वा वार्षिक रु २२ हजार प्रिमियम पर्ने तिरेर त्यही किन्न सक्नु हुनेछ भनियो भने मानिसले कुन स्किम छनोट गर्छ होला ? केही घाटा नै भए पनि सजिलै अनुमान लगाउन सकिन्छ दोस्रो योजना छान्नेछ । पहिलो योजनाको लागि दोस्रोमा भन्दा बढी अनुशासनको जरुरी छ तर रु. तीन हजार सात सय ५० को फाइदा छ । मानिसले त्यो फाइदा थाहा पाएर पनि किन त्यसो गर्न चाहँदैन ? कारण एउटै छ मानिसले नाफाघाटा थाहा पाएर पनि उ आफू अनुशासनमा रहन नसक्दा महङ्गो खरिद गर्न तयार हुन्छ । मानौं कुनै खुत्रुकेमा दैनिक रु एकका दरले तीन सय ६५ दिन रु तीन सय ६५ जम्मा गर्नुहोस् भन्यो भने कति तयार हुन्छौं । हो अनुशासन भनेको यही हो । हरेक व्यक्ति एकैपटक रु तीन सय ६५ हालेर खुत्रुके भर्न सक्छ तर प्रत्येक दिन रु एक हालेर रु तीन सय ६५ जम्मा गर्न सक्दैन । वित्तीय ज्ञान भएका व्यक्तिहरुसँग पनि लामो समयसम्मका लागि अनुशासन हुन नसक्दा लगानी गुम्ने गरेका छन् ।

**रधैर्यता** : भगवान बुद्धले भन्नु भएको छ 'समय सधैं यस्तो रहने छैन ।' यसको अर्थ आर्थिक कारोबारमा हेर्ने हो भने मूल्य बढेपछि घट्नु पर्छ र घटेपछि बढ्नु पर्छ अर्थात नाफा भएपछि घाटा पनि हुने गर्छ र घाटा भएपछि फेरि नाफा हुन थाल्नेछ तर त्यो कति समयमा फेरबदल हुनसक्छ कसैले भन्न सक्दैन, हुनलाई बुद्धले भने जस्तै पक्का हुनेछ । यसैले हामीले देखाउने प्रतिक्रियाका कारण हाम्रा आर्थिक क्रियाकलापहरुले सहि वा गलत परिणाम दिन मद्दत गर्छ । तर हाम्रा एकल गतिविधिमा मात्रै यस्ता नतिजा निर्भर नगरी कयौंपटक अन्य व्यक्तिका कार्यहरुले समेत प्रभाव पार्न सक्छ । तसर्थ, लगानीमा छिटो र छोटो बाटोबाट सफलता खोज्ने दुस्साहस गर्दा दुर्घटनामा पर्न सकिने जोखिम धेरै रहने गर्छ । मान्छेमा वित्तीय ज्ञान भएर मात्रै पुग्दैन, धैर्यता नहुने हो भने मुनाफा प्राप्ति गर्न चुनौतीपूर्ण बन्छ । विश्वका धनीमध्येका एक वारेन्ट बफेटलाई हेर्ने हो भने उनले १० वर्षको उमेरदेखि शुरुआत गरेको लगानी हाल ९२ बर्षको उमेरसम्म नै चलिरहेको छ । यही धैर्यता र निरन्तरताले उनलाई धनी बन्न सहयोग गर्‍या तर त्यसो नगरी उनले ६० वर्षको उमेरमा लगानीबाट निवृत्त भएका भए विश्वको धनी हुन सम्भव थिएन । बफेटले वार्षिक २२ प्रतिशत प्रतिफल निकाल्ने गरेका छन् । विश्वमा के उनले भन्दा बढी प्रतिफल प्राप्त गर्ने अन्य लगानीकर्ता छैनन् त ? पक्कै छन् । उदाहरणको रुपमा, हेज फन्ड रिनेसांस् टेक्नोलोजिका प्रमुख, जिम साइमन्सलाई लिन सकिन्छ ।

उनले वार्षिक ६६ प्रतिशत प्रतिफल निकाल्ने गरेका छन् तर ती लगानीकर्ता किन बफेट जति धनी हुन सकेनन् ? यसको एउटै कारण हो बफेटले लगानीमा धैर्यता राखे, निरन्तरता दिए तर ती लगानीकर्ताले ढिलो शुरुआत गरेर छिटो निवृत्त भए बफेटले जस्तो धैर्यता राख्न सकेनन् । त्यसकारण बफेटको भन्दा उच्च प्रतिफल पाएर पनि ती लगानीकर्ताले उनलाई भेट्न सकेका छैनन् । तसर्थ वित्तीय ज्ञान भएता पनि धैर्यता हुन नसक्ने हो भने मानिस गरिब हुनसक्छ । मानिस धनी हुनका लागि अर्थशास्त्रका सैद्धान्तिक सिद्धान्तहरुले मात्रै पुग्दैन, यसका सामान्य मान्यताहरुलाई पनि बुझ्न आवश्यक छ । (लेखक शेयरबजारका जानकार हुनुहुन्छ)

### *सवारी दुर्घटनामा...*

गरेका हुन् ।

प्रदर्शनकारीहरूले राजमार्गमा टायर बालेर सडक अवरुद्ध गरेका छन् । सिराहाको सदरमुकाम सिराहा बजार जाने र आउने सबै सवारीसाधन ठप्प छन् । प्रदर्शनका कारण यात्रुहरू समस्यामा परेका छन् भने स्थानीय व्यवसाय र जनजीवनमा पनि असर परेको छ ।

घटनास्थलमा प्रहरी परिचालन गरिए पनि प्रदर्शनकारीहरूको माग तत्काल सम्बोधन गर्न नसकिँदा समस्या समाधान हुन सकेको छैन । प्रहरी स्रोतका अनुसार घटनाको थप अनुसन्धान भइरहेको छ ।

युवकको मृत्युपछि पीडित परिवार र स्थानीयले उचित क्षतिपूर्ति र कारबाहीको माग गरेका छन्। प्रशासनले समस्या समाधानका लागि वार्ताको प्रयास गरिरहेको छ । जिल्ला प्रहरी सिराहाका सूचना अधिकारी वीरेन्द्र पासवानले जनाए । चालक र अटो जिल्ला प्रहरी कार्यालयको नियन्त्रणमा रहेको सूचना अधिकारी पासवानले जानकारी दिए ।

# 'जनशक्ति पलायन रोक्न शिक्षामा सुधार जरूरी'

ललितपुर, २० मङ्सिर (रासस) ।

'शिक्षा नीति बहस' मा सहभागी वक्ताहरूले जनशक्ति पलायन रोक्न शिक्षा क्षेत्रको नीतिगत सुधार नै पहिलो प्राथमिकता हुनुपर्नमा जोड दिएका छन् ।

नेपाली कांग्रेस केन्द्रीय शिक्षा विभागद्वारा बुधबार यहाँ आयोजित बहसमा वक्ताहरूले जीवनोपयोगी शिक्षा भएमा रोजगारी सिर्जनामा सहयोग पुग्ने धारणा राखे । कार्यक्रममा पार्टी पूर्वउपसभापति गोपालमान श्रेष्ठले बदलिँदो समयलाई मध्यनजर गरी जीवनोपयोगी प्रविधिमैत्री शिक्षा नीति बनाउन ध्यान दिनुपर्ने बताउनुभयो । "नर्सिङ कलेज र मेडिकल स्थापनाका लागि हामीले ध्यान दिन नसक्दा विदेश गएर पढ्नुपर्ने अवस्था छ । नेपाललाई स्वास्थ्य र शिक्षाको अध्ययनका लागि मुख्य केन्द्र बनाउनुपर्छ", उहाँले भन्नुभयो ।

श्रेष्ठले विद्यार्थीलाई आठ कक्षा उत्तिर्ण गरेपछि जीवनोपयोगी तालिम दिएर आम्दानी गर्न सक्ने अवस्था सृजना गर्नुपर्नेमा जोड दिनुभयो । "शिक्षाविद्हरुलाई समेटेर अझै बृहत् खालको बहस सृजना गरेर निष्कर्ष निकाल्नु पर्छ । १२ कक्षा उत्तीर्ण गर्नेबित्तिकै विदेश पठाउने नीतिलाई निरुत्साहित गर्नुपर्छ", उहाँले भन्नुभयो,"शिक्षा र स्वास्थ्य अत्यन्त महत्वपूर्ण छ, ध्यान दिएर अगाडि बढ्नुपर्छ ।"

कांग्रेस केन्द्रीय कोषाध्यक्ष उमेश श्रेष्ठले लगानीअनुसार नेपालको सार्वजनिक शिक्षामा प्रतिफल आउन नसकेको भन्दै यसमा नीतिगत परिवर्तन गरेर सुधार जरूरी रहेको धारणा राख्नुभयो । "विदेशी विद्यार्थीलाई अध्ययनका लागि यहाँ आउन ६/छ महिनाको प्रवेशाज्ञा (भिषा) दिने प्रणाली नै छैन, संसारभरिका विद्यार्थीरुलाई हामीले आकर्षण गर्न सक्छौं । शिक्षा, स्वास्थ्य, कृषि, ऊर्जा र पर्यटनमा हाम्रो सम्भावना छ, नीतिका कारण समस्या छ, त्यसलाई सम्बोधन गर्नुपर्छ", उहाँले भन्नुभयो ।

कोषाध्यक्ष श्रेष्ठले विज्ञहरुसँग बृहत् बहस तथा छलफल गरेर विद्यालय शिक्षा, प्राविधिक शिक्षा र उच्च शिक्षासम्बन्धी कानुन निर्माण जोड दिन आग्रह गर्नुभयो ।

पार्टी प्रवक्ता डा प्रकाशशरण महतले शिक्षालाई रोजगारीसँग जोड्ने विषयवस्तु पाठ्यक्रममा समेटिनुपर्ने धारणा राख्नुभयो । "हाम्रो सभ्यता, संस्कृति, नैतिक शिक्षालाई जोड दिन आवश्यक छ, भवन मात्रै बनाए विकास हुँदैन । जनशक्तिको आवश्यकता, उपयोग र मूल्याङ्कन गरेर उच्च शिक्षा व्यवस्थापन गरिनुपर्छ । प्राविधिक शिक्षालाई रोजगारी र उच्चशिक्षालाई अनुसन्धानसँग जोड्नुको विकल्प छैन", उहाँको भनाइ थियो ।

पूर्वशिक्षामन्त्री विद्याधर मल्लिकले कोरोना महामारीपछि विश्वव्यापी रूपमा विद्यालय शिक्षामा लगानी घटेकाले शिक्षामा लगानी वृद्धि गर्न आग्रह गर्नुभयो । "सङ्घीय सरकारले सन् २०३० सम्म विद्यालय शिक्षामा लगानी १८ प्रतिशत पुऱ्याउनुपर्छ, हाल १५ प्रतिशत छ, प्रदेश र स्थानीय तहले १५ प्रतिशत लगानी पुर्याउनुपर्छ । विद्यालयको प्रधानाध्यापक चयन र पारिश्रमिकमा पनि ध्यान दिन आवश्यक छ । नागरिकलाई समाजप्रति उत्तरदायी बनाउने गरी शिक्षा प्रदानमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो ।

मल्लिकले प्रारम्भिक बाल शिक्षामा शिक्षातर्फको कुल बजेटको ५० प्रतिशत छुट्याइनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य डा आरपी बिच्छाले शिक्षालाई सीप, सीपलाई रोजगारीसँग नजोडेसम्म श्रम बजारको माग र आवश्यकताअनुरूप काम हुन नसक्ने जिकिर गर्नुभयो । खाडी देशमा ५० देखि ५५ डिग्री तापक्रममा काम गर्न अदक्ष, अर्धदक्ष कामदार पठाउँदा नेपालले घाटा बेहोर्नुपरेको बताउँदै उहाँले दक्ष जनशक्तिलाई मात्रै वैदेशिक रोजगारीमा जाने वातावरण सृजना गर्नुपर्नेमा जोड दिनुभयो ।

विभागका प्रमुख तथा केन्द्रीय सदस्य नैनसिंह महरले शिक्षा नीतिलाई समयसापेक्ष बनाउने अभिप्रायले बहस सुरु गरिएको बताउनुभयो ।

"नेपालको शिक्षालाई सीप, उत्पादन र बजारसँग जोड्नुपर्ने छ, त्यसका लागि पर्याप्त बहसको खाँचो छ । त्यसैकारण हामीले यो बहसको सुरुआत गरेका छौँ । संविधानअनुरूप निशुल्क शिक्षा हुन सकेका छैनन्, यसतर्फ पनि ध्यानाकर्षण जरूरी छ", उहाँले भन्नुभयो ।

प्राडा अच्युत वाग्ले नेपालको शिक्षा नीति नागरिकलाई साक्षर बनाउनेमा मात्रै केन्द्रीत भएको बताउँदै शिक्षालाई अब प्रतिस्पर्धात्मक प्राविधिक शिक्षामा जोड दिनुपर्ने बताउनुभयो । उहाँले अबको २० वर्षमा कति दक्ष जनशक्ति चाहिन्छ भन्ने आँकलन र आवश्यकताको मापन गरेर शिक्षा नीति बनाउनुपर्नेमा धारणा राख्नुभयो ।

बाल विकास र प्रारम्भिक शिक्षाका विषयमा प्रस्तुतिकरण गर्नुहुँदै डा मिनाक्षी दाहालले बालबालिकाको शैक्षिक तथा व्यक्तित्व विकासका लागि परिवार, पर्यावरण र विद्यालय उपयुक्त वातावरण बनाउन लाग्नुपर्ने बताउनुभयो । उहाँले दिगो विकास लक्ष्यका १७ वटा लक्ष्यमध्ये ११ वटा लक्ष्य बालबालिका र बाल विकाससँग सम्बन्धित रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल विद्यार्थी संघका अध्यक्ष दुजाङ शेर्पा, प्राध्यापक संघका केन्द्रीय अध्यक्ष रमेश जोशी, नेपाल मुस्लिम संघका सभापति अब्दुल सत्तारले आफ्नो धारणा राख्नुभएको थियो ।

# स्वास्थ्य स्वयंसेविकाको माग : हामीलाई पनि सामाजिक सुरक्षामा समावेश गर्नुपर्छ

**बुनु थारु**

काठमाडौं, २० मङ्सिर (रासस) ।

उमेरले ५५ वर्ष टेकिसक्दा पनि कीर्तिपुरकि पार्वती महर्जनको जोश र जाँगरमा कुनै कमी आएको छैन । घरदैलो कार्यक्रम गर्दै सुरक्षित मातृत्व, नवजात शिशु सरसफाइ, खोप तथा पोषण कार्यक्रमबारे जनचेतना फैलाउनु उहाँको मुख्य काम हो ।

कीर्तिपुर नगरपालिका-५ कि महर्जन विगत ३६ वर्षदेखि स्वास्थ्य सचेतना फैलाउने काममा सक्रिय हुनुहुन्छ । उहाँ अहिले सर्वसाधारण पनि स्वास्थ्यप्रति चनाखो हुन थालेको बताउनुहुन्छ । तर हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउन अझै पनि धौधौ पर्ने गरेको उहाँको अनुभव छ ।

महर्जन सरकारले स्वास्थ्य स्वयंसेविकालाई हेर्ने धारणा परिवर्तन हुनुपर्ने माग गर्नुहुन्छ । "अरु जागिर भएको भए अहिलेसम्म त पेन्सन पाकिसक्थ्यो होला । हाम्रो पनि भत्ता बढाइदिएको भए हुन्थ्यो ।"

श्रेष्ठ टोखा नगरपालिका-४ कि ४७ वर्षीया हिरामाया २०५२ सालदेखि स्वास्थ्य स्वयसेविकाका रुपमा कार्यरत हुनुहुन्छ । उहाँले सरकारले आफूहरुले पाउने सुविधा बढाउनुपर्ने धारणा राख्नुभयो । "सरकारले हामीलाई सार्वजनिक यातायातमा निःशुल्क भने पनि हालसम्म लागू भएको छैन", उहाँले भन्नुभयो, "आज पनि म कामकै लागि आउँदा गाडीमा छुट पाइन ।"

चन्द्रागिरी नगरपालिका-१७ की स्वास्थ्य स्वयंसेविका बसन्ती महर्जन आमाको प्रेरणा र सिकाइले नै आफू पनि स्वस्थ्य स्वंयसेविका बनेको सुनाउनुभयो । त्रिपन्न वर्षीय महर्जन हाल नेपाल स्वास्थ्य स्वयंसेवक सङ्घकी अध्यक्ष हुनुहुन्छ ।

उहाँले महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्यको खम्बा भनेर उपमा दिइएपनि उनीहरुबारेमा सरकारले ध्यान नदिएको गुनासो गर्नुभयो । "हामी घाम पानी नभनी काम गरेका छौं । तर पनि खुसी छौं । हामी आफ्नो कामप्रति रत्तिभर पनि थाकेका छैनौं तर हाम्रो बारेमा खोइ सोचिएको ?" उहाँले प्रश्न गर्नुभयो ।

महर्जनले स्वयंसेविकालाई दिइने रु चार सय भत्ता न्यून भएको उल्लेख गर्दै यसलाई बढाउन आवश्यक रहेको धारणा राख्नुभयो । "हामी कति दुःख गरेर काम गरिरहका हुन्छौं, तर सरकारले सो अनुसारको सुविधा दिन सकेको छैन", उहाँले भन्नुभयो । आफूहरुलाई पनि योगदानमा आधारित सामाजिक सुरक्षामा समावेश गर्नुपर्ने उहाँको भनाइ छ ।

काठमाडौं महानगरपालिका-१६ कि गीता थिङ पौडेलको पनि भनाइ महर्जनसँग मिल्दोजुल्दो छ । उहाँले स्वास्थ्य स्वयंसेविकाको कामको मूल्याङ्कन हुन नसकेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "हामीलाई जे जिम्मेवारी दिए पनि पूरा गर्छौं, हामीले यसैबाट समाजमा पहिचान पनि बनाएका छौं, हाम्रो माग सरकारले हाम्रो कामको उचित मूल्याङ्कन गरोस् भन्ने हो", उहाँले भन्नुभयो ।

नेपाल स्वास्थ्य स्वयंसेवी सङ्घकी अध्यक्षसमेत रहनुभएकी पौडेलले स्वास्थ्य स्वयंसेविकालाई श्रम शोषण गराउन नपाउने धारणा राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "स्वास्थ्य स्वयंसेविका हुन् सित्तैमा काम गर्दिन्छन् भन्ने सोच छ । स्वास्थ्य बाहेकका काममा पनि हामीलाई सहभागी गराउँछन् ।"

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले ६० वर्षको उमेरसम्म काम गर्न सक्ने भनिएको छ । त्यसैगरी उनीहरुको विदाइका बेला रु २० हजार दिइने नियम छ । पौडेल प्रश्न गर्नुहुन्छ, "त्यत्तिका वर्ष निःस्वार्थ भावले दिदीबहिनीहरुले काम गर्नुहुन्छ । उहाँहरुको मूल्याङ्कन त्यति मात्र हो त ? कम्तीमा रु एक लाखसम्म बढाउनुपर्छ भन्ने हाम्रो माग हो ।"

उहाँले स्वास्थ्य स्वयंसेविकालाई दिइने भत्ता पनि रु चार सयबाट रु एक हजार पाँच सय बढाउनुपर्ने माग गर्नुभयो । उहाँले भन्नुभयो, "योगदानमा आधारित सामाजिक सुरक्षाबारेमा सरकारले सोच्नुपर्छ । ताकि हामीहरुको पनि काम गर्न जाँगर बढोस् । सरकारले ऊर्जा थप्ने काम गर्दिनुपर्छ । स्वयमसेविका भन्दैमा त्यसै काम लगाउन पाइँदैन ।"

सरकारले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम विसं २०४५ सालदेखि २८ जिल्लाबाट सुरु गरेको थियो । स्वास्थ्य स्वयंसेविकाले पोषण तथा खोप कार्यक्रम, सरुवा तथा महामारी रोग नियन्त्रणमा सहयोग, वातावरणीय तथा व्यक्तिगत सरसफाइ, परिवार नियोजनसम्बन्धी सल्लाह दिने, सुरक्षित मातृत्व तथा नवजात शिशु सरसफाइसम्बन्धी समाजमा भूमिका निर्वाह गर्दै आइरहेका छन् ।

प्रतिकरात्मक तथा प्रवर्द्धनात्मक सेवा पुऱ्याउन सहयोग गरिरहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हाल देशभर सेवारत छन् । हाल ५१ हजार चार सय २३ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सेवारत रहेको तथ्याङ्क छ ।

## विश्व समाचार

# सन् २०२५ का लागि नौ अर्ब ९० करोड डलर सहयोग जुटाउने युनिसेफको लक्ष्य

संयुक्त राष्ट्रसङ्घ, २० मङ्सिर (रासस/एएफपी) ।

संयुक्त राष्ट्रसङ्घको बालबालिकासम्बन्धी निकाय (युनिसेफ)ले विश्वका युद्ध तथा अन्य सङ्कटबाट प्रभावित लाखौं युवाका लागि अर्को वर्ष सहयोग उपलब्ध गराउन नौ अर्ब ९० करोड अमेरिकी डलर को आर्थिक सहायता आह्वान गरेको छ ।

'बालबालिकाको मानवीय आवश्यकताको मात्रा बढिरहेको र यसका लागि सहयोग रकममा पनि वृद्धि हुनु जरूरी रहेको युनिसेफकी कार्यकारी निर्देशक क्याथरिन रसेल बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "हरेक दिन धेरै बालबालिका प्रभावित भएका छन् । यसका कारण बालबालिकाको मानवीय आवश्यकताको मात्रा ऐतिहासिक उच्च स्तरमा छ र यसका लागि सहयोगका लागि थप रकम जुटाउने लक्ष्य हाम्रो संस्थाले लिनु जरूरी छ ।"

उक्त रकमले १० करोड ९० लाख बालबालिकालाई लक्षित गरी प्राथमिक स्वास्थ्य संस्था, मानसिक स्वास्थ्य सेवा, खानेपानी तथा शिक्षा, कुपोषण जाँच र लैङ्गिक हिंसा न्यूनीकरणमा पहुँचका लागि सहयोग गर्नेछ ।

"हामीले सन् २०२५ मा १४६ देश र क्षेत्रका २१ करोड ३० लाख बालबालिकालाई मानवीय सहायताको आवश्यकता पर्नेछ । सहयोगका लागियो निकै ठूलो सङ्ख्या हो," रसेलले भन्नुभयो ।"

सहयोगका लागि युनिसेफको यो अपिल विश्वले मानवीय गतिविधिका कारण दीर्घकालीन आर्थिक सङ्कटको सामना गरिरहेको समय आएको छ । गत वर्ष युनिसेफले ९.३ अर्ब अमेरिकी डलरका लागि अपिल गरेको थियो ।

यो वर्ष सबैभन्दा बढी एक अर्ब अमेरिकी डलर बराबरको रकम अफगानिस्तानका लागि, त्यसपछि सुडान, प्रजातान्त्रिक गणतन्त्र कङ्गो, प्यालेस्टिनी क्षेत्र र लेबनानका लागि गरिएको छ ।

यसैबीच, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए) ले ५७ देशका चार करोड ५० लाख महिला तथा बालिकालाई सहयोग गर्न एक अर्ब ४० करोड अमेरिकी डलरको आह्वान गरेको छ ।

राष्ट्रसङ्घको यौन तथा प्रजनन स्वास्थ्य निकायले आफ्नो गतिविधिको एक हिस्साको रूपमा अनुमानित ११ मिलियन गर्भवती महिलाहरूलाई सहयोगका लागि 'मिडवाइफ'हरू तैनाथ गर्दछ । यसका लागि सन् २०२५ मा 'तत्काल' सहयोगको आवश्यकता पर्ने बताएको छ ।

युएनएफपीएकी कार्यकारी निर्देशक डा. नतालिया कनेमले भन्नुभयो, "हरेक द्वन्द्वग्रस्त क्षेत्र र विपतमा महिला तथा बालिकाले गम्भीर जोखिमको सामना गर्छन् । द्वन्द्वले उनीहरूको जीवन र कल्याणका लागि अत्यावश्यक सेवाहरूमा पहुँचलाई खतरामा पार्छ ।

कनेमले भन्नुभयो, "कुनै पनि महिला बच्चा जन्माउने क्रममा ज्यान गुमाउन नपरोस् भनी हामी सबै मिलेर यो सहयोग रकमको जोहो गर्नु आवश्यक छ किनकि हरेक महिला, किशोरी वा बालबालिका सबैभन्दा विकट परिस्थितिमा पनि हानिबाट सुरक्षित रहन सकून् ।

# दक्षिण चीनमा रेलमार्ग निर्माणस्थल भत्किँदा १३ जना बेपत्ता

बेइजिङ, २० मङ्सिर (रासस/एएफपी) ।

चीनको दक्षिणी शहर शेन्जेनमा एउटा प्रमुख रेलमार्गको निर्माणस्थलमा पहिरो खस्दा १३ जना बेपत्ता भएको स्थानीय अधिकारीले बिहीबार जानकारी दिएका छन् ।

बाओआन जिल्ला विपत व्यवस्थापन विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "शेन्जेन-जियाङमेन रेलमार्ग निर्माणस्थलको एक खण्डमुनिको जमिन खसेपछि त्यहाँ काम गरिरहेका एक दर्जनभन्दा बढी कामदार सम्पर्कमा आउन सकेका छैनन् ।"

बेपत्ताको खोजी कार्य बिहीबार बिहानदेखि जारी रहेको र दुर्घटनासम्बन्धमा अनुसन्धान भइरहेको अधिकारीले बताएका छन् ।

विपत व्यवस्थापन विभागका अनुसार अधिकारीहरूले नजिकैका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गरेका छन् ।

उद्धारकार्यका लागि बिहीबार बिहान घटनास्थल नजिकका प्रमुख द्रुत रेलमार्ग बन्द गरिएको शहरका अधिकारीहरूले बताएका छन् ।

दक्षिण चीनको गुआङ्डोङ प्रान्तको शेन्जेनदेखि जियाङमेन जोड्ने रेलमार्गको निर्माण सन् २०२२ मा सुरु भएको थियो ।

कमजोर नियमन र फितलो सुरक्षा मापदण्डका कारण हुने औद्योगिक दुर्घटनाहरू चीनमा सामान्यरूपमा लिने गरिएको छ ।

गत अगस्टमा दक्षिणपश्चिमी सिचुआन प्रान्तमा भएको खानी दुर्घटनामा परी आठ जनाको मृत्यु भएको थियो ।

उत्तरी चीनको हेबेई प्रान्तमा गत मार्चमा भएको ग्यास विस्फोटमा परी सात जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका थिए ।

पूर्वी शहर नानजिङमा गत फेब्रुअरीमा एक आवासीय भवनमा आगलागी हुँदा १५ जनाको मृत्यु भएको थियो ।

# गढीमाई मन्दिरमा लाग्ने पञ्चवर्षीय मेलाको शान्ति सुरक्षाबारे गृहमन्त्री लेखकद्वारा जानकारी




**दैनिक समाचारदाता**
**बारा, २० मंसिर ।**

गृहमन्त्री रमेश लेखकले गढीमाई मन्दिरमा लाग्ने पञ्चवर्षीय मेलाको शान्ति सुरक्षाबारे जानकारी लिएका छन् । गृहमन्त्री लेखकले बुधबार बिहान गढीमाई मन्दिर पुगेर अवलोकन गर्नुको साथै शान्ति सुरक्षाबारे 'ब्रिफिङ' लिएका हुन् ।

महागढीमाई नगरपालिकाद्वारा आयोजित सल्लाह र सुझाव सङ्कलन कार्यक्रममार्फत उनले 'ब्रिफिङ' लिए । विश्व प्रसिद्ध गढीमाई एक महिनासम्म पञ्चवर्षीय मेला लाग्ने भएको हुँदा मेलालाई अपराधरहित बनाउने उद्देश्यले सुरक्षाका अवस्थाबारे गृहमन्त्री लेखकले आफू गम्भीर रहेको बताएका छन् ।

बारा र पर्साका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, प्रदेश प्रहरी प्रमुखसहितका सुरक्षा निकायका प्रमुखहरूसँग दुईवटै जिल्लाको वस्तुस्थितिबारे ब्रिफिङ गरिएको पर्सा सिडिओ कार्यालयले जनाएको छ । बैठकमा सहभागीका अनुसार गृहमन्त्री लेखकले मेलालाई लक्षित गर्दै हुन सक्ने अपराध तथा चुनौतीबारे सोधखोज गरेका थिए ।

दुईवटै जिल्लाका प्रमुखले दुई साता अगाडि भएको सुरक्षा समितिको बैठकमा उठाइएका एजेन्डाहरू तथा देखिएका चुनौतीहरूबारे प्रस्टयाएको बैठकमा सहभागी एक अधिकारीले सुनाए ।

गढीमाई मेलालाई व्यवस्थित र चुस्त बनाउन कुनै पनि कसर बाकी नराख्न प्रमुख जिल्ला अधिकारीद्वयलाई गृहमन्त्री लेखकले निर्देशनसमेत दिए । साथै कडाइका सुरक्षा व्यवस्था लागु गर्नका लागि सडकमा सिसिटिभी क्यामरा, सुरक्षा सर्वेलेन्ससहित हरेक उपकरणको प्रयोग गरेर सूक्ष्म ढङ्गले निगरानी गर्नसमेत सुरक्षा निकायलाई गृहमन्त्री लेखकले निर्देशन दिए ।

गढीमाई मन्दिरमा पुगेका गृहमन्त्री लेखकलाई पञ्चवर्षीय मेला व्यवस्थापन मूल समितिका अध्यक्ष एवम् महागढीमाई नगरपालिकाको नगरप्रमुख एवं उपेन्द्र प्रसाद यादवले स्वागत गरेका थिए ।

सल्लाह सुझाव सङ्कलन कार्यक्रममा पर्सा र बाराका प्रमुख जिल्ला अधिकारीहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरीका एसपीद्वय, मधेस प्रदेशका प्रहरी प्रमुख डिआइजी र सशस्त्र प्रहरीको डिआइजीसमेतको सहभागिता थियो ।

# विद्युत् प्राधिकरणको जिन्सी शाखाबाट सात करोडका सामान हराए

बागमती, २० मङ्सिर (रासस) ।

हेटौँडास्थित नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय जिन्सी व्यवस्थापन शाखाबाट रु सात करोड बराबरका सामान गायब भएपछि वास्तविकता पत्ता लगाउन गठन भएको छानबिन समितिले संलग्न व्यक्तिलाई कारवाहीको सिफारिस गरेको छ ।

विद्युत् प्राधिकरणको खरिद व्यवस्थापन महाशाखाबाट हेटौँडास्थित केन्द्रीय जिन्सी व्यवस्थापन शाखामा दाखिला भएका विद्युतीय सामान कर्मचारीको लापरबाहीका कारण गायब भएपछि प्राधिकरणले केन्द्रीयस्तरमा गठन भएको छानबिन समितिले रु सात करोड बराबरका सामान हराएका प्रतिवेदन दिएको प्राधिकरणको खरिद व्यवस्थापन महाशाखा प्रमुख जीतेन्द्रकुमार झाले जानकारी दिनुभयो ।

हेटौँडास्थित जिन्सी शाखाको तत्कालीन प्रमुख बुद्धकुमार कार्कीले वर्तमान प्रमुख रमेश पराजुलीलाई सामान बरबुझारथ गर्ने क्रममा अभिलेखअनुसारका सामान नपाइएपछि सामान हराएको वास्तविकता सार्वजनिक भएको हो ।

"खरिद भएका सामानको अभिलेख छ, तर स्टोरमा अभिलेखबमोजिमका सामान छैनन्", महाशाखा प्रमुख झाले भन्नुभयो,-"अभिलेखमा भएका सामान कहाँकहाँ छन् भनेर खोज्दै जाँदा कतिपय सामान अन्य प्रदेशमा गएको पनि देखियो, तर रु सात करोड बराबरका सामान अझै गायब छन् ।"

तत्कालीन शाखा प्रमुखलगायत कर्मचारीउपर कारबाही अघि बढाइएको महाशाखा प्रमुख झाले बताउनुभयो ।

### *मन्त्री लेखीद्वारा कैदी ...*

सरकारलाई जानकारी गराई आवश्यक कदम उठाउने उनको भनाई छ ।

कारागारमा कैदीबन्दीहरु क्षमता भन्दा अत्याधिक रहेको बताउँदै मन्त्री लेखीले उनीहरुको क्षमता विकासका लागि सीपमुलक तालिम र फर्निचरसहित पुस्तकालयको व्यवस्था गर्न संचार मन्त्रालयको तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए ।

निरिक्षणकै क्रममा मन्त्री लेखीले कारागार परिसर र कैदीबन्दी बस्ने ठाउँ अत्यन्त फोहर र दुर्गन्धित रहेको बताउँदै त्यसप्रति कारागार प्रशासन गम्भिर बन्नु पर्ने उल्लेख गरे ।

ती सबै समस्याहरु बारे आफू संघीय सरकारसँगका मन्त्री तथा प्रतिनिधिहरुसँग हुने आगामी बैठकमा जानकारी गराउने र समस्या समाधान गर्नेतर्फ सक्दो पहल गर्ने प्रतिबद्धता जनाए ।

अनुगमन तथा निरिक्षणका क्रममा मन्त्री लेखीसँग सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडा, राष्ट्रिय अनुसन्धान विभाग सप्तरीका उपअनुसन्धान निर्देशक सुरेन्द्र कोईराला, सशस्त्र प्रहरी गण नं. ६ का सशस्त्र प्रहरी नायव उपरीक्षक बिपन देसार लगायतको उपस्थिति रहेको थियो ।

# वीरगञ्ज भन्सारबाट निर्यात वृद्धि

**दैनिक समाचारदाता**
**पर्सा, २० मंसिर ।**

मुलुकका अन्य भन्सारका तुलनामा यहाँस्थित भन्सार कार्यालयबाट निर्यात बढेको छ । यहाँ एकीकृत जाँचचौकी र सुक्खा बन्दरगाह भएकाले देशका अन्य २६ स्थानका भन्सार कार्यालयले भन्दा बढी वस्तु निर्यात भएको हो ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको चार महिनामा रु ५२ अर्ब ६७ करोड सात लाख १० हजारका सामान निर्यात भएका छन् । वीरगञ्ज भन्सारले मात्र रु १२ अर्ब १२ करोड २१ लाख ३१ हजार बराबरका वस्तु निर्यात गरेको छ । वीरगञ्ज भन्सार प्रमुख दीपक लामिछानेका अनुसार यहाँबाट सिन्थेटिक यार्न, भटमासको तेल, पिना, ऊनी गलैँचालगायत उत्पादन निर्यात भएको छ ।सुक्खा बन्दरगाहबाट रु एक अर्ब ५१ करोड बराबरका सामान निर्यात भएका छन् ।

यसैबीच, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले सोही अवधिमा रु १२ अर्ब ३५ करोड ३९ लाख १४ हजार बराबरका वस्तु निर्यात गरेको जनाएको छ ।

# महिलाविरुद्धको जुनसुकै प्रकृतिका हिंसा सह्य हुँदैन : गृहमन्त्री लेखक

काठमाडौँ, २० मङ्सिर (रासस) ।

गृहमन्त्री रमेश लेखकले महिलामाथि हुने जुनसुकै प्रकृतिका हिंसा सह्य नहुने बताउनुभएको छ । बिहीबार सिंहदरबारस्थित गृहमन्त्रालयमा ३३औँ अन्तर्राष्ट्रिय लैङ्गिक हिंसाविरुद्धको १६ दिन अभियानका सन्दर्भमा यहाँ कार्यरत २६ वटा नागरिक संस्थाले बुझाएको ध्यानाकर्षणपत्र बुझ्दै सरकार महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

वैदेशिक रोजगारीमा महिला सुरक्षाको विषयमा पनि आफू गम्भीर रहेको उल्लेख गर्दै उहाँले आप्रवासी महिला कामदारलाई शोषण र दुर्व्यवहारबाट जोगाउन सरकारका संयन्त्रहरु क्रियाशील रहेको जानकारी दिनुभयो ।

"पछिल्लो समय सामाजिक सञ्जाल, डिजिटल मिडियामार्फत पनि महिला प्रताडित छन्", गृहमन्त्री लेखकले भन्नुभयो, "लोकतन्त्रमा आलोचना, विरोध र धारणा राख्न पाइन्छ तर सभ्य र सुसंस्कृत ढङ्गबाट गर्नुपर्छ ।" उहाँले डिजिटल मिडियामा आइरहेको घृणात्मक अभिव्यक्ति र हिंसा, दुर्व्यवहार नियन्त्रणका लागि पहल भइरहेको बताउनुभयो ।

संविधानको भावना अनरुप समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्न बन्दै गरेको एकीकृत निर्वाचन विधेयक सङ्घीय संसद्को आगामी अधिवेशनमा पेस हुने गरी गृहमन्त्रालय अघि बढेको मन्त्री लेखकको भनाइ थियो ।

जातीय आधारमा हुने विभेद, अपमान र सबैखाले हिंसा अन्त्यलगायतका १६ बुँदे ध्यानाकर्षण पत्र बुझाउन कोपिला नेपाल, विश्वास नेपाल, जागृती महिला महासङ्घ लगायतका २६ वटा संस्थाका प्रतिनिधि आएका थिए ।

# पत्रकार महासंघ सुनसरीका अध्यक्षलाई धरानका प्रमुखले दिएको धम्की

**दैनिक समाचारदाता**
**काठमाडौँ, २० मंसिर ।**

नेपाल पत्रकार महासङ्घले सुनसरीस्थित धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले सामाजिक सञ्जालमार्फत सञ्चारकर्मीलाई धम्की दिएको विषयमा आफ्नो ध्यानाकर्षण भएको जनाएको छ ।

धरानका प्रमुख साम्पाङले नेपाल पत्रकार महासङ्घ सुनसरीका अध्यक्ष जनकऋषि राई र महासङ्घका राष्ट्रिय परिषद् सदस्य गोपाल दाहाललाई समाचारको विषयलाई लिएर धम्की दिएका थिए ।

"समाचारप्रति चित्त नबुझे त्यसउपर कानुनी प्रक्रिया जाने वा प्रेस काउन्सिल नेपालमा उजुरी गर्न सकिने स्थापित प्रावधान छ । यसलाई बेवास्ता गर्दै सार्वजनिक पदधारी प्रमुखजस्तो जिम्मेवार व्यक्तिबाट गरिएको यो हर्कत अन्यन्त निन्दनीय हुनुका साथै प्रेस स्वतन्त्रतामाथिको ज्यादती हो", महासङ्घका महासचिव रोसन पुरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

प्रमुख साम्पाङको उक्त शैलीले पत्रकारलाई पेसाप्रति हतोत्साहित र त्रसित बनाउनुका साथै विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा समेत आघात पुग्ने महासङ्घको ठहर छ । महासङ्घले प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न र यस किसिमका घटना दोहोरिन नदिने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग समेत गरेको छ ।

### *विरामीसँग मैत्रिपुर्ण ...*

गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल सक्षम हुने बताएका थिए ।

निरिक्षण टोलीमा जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साहका साथै स्थानीय नेता/कार्यकता तथा संचारकर्मीहरुको समेत सहभागित थियो ।


## सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np